मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिमडी,कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

# भकारो सुधार कार्यक्रम व्यवस्थापन तथा संचालन कार्यविधि ,२०७९

Website :www.mohanyalmun.gov.np
Email :ito.mohanyalmun@gmail.com

मोहन्याल गाउपालिका

# स्थानिय राजपत्र

मोहन्याल गाउपालिका

गाउ कार्यपालिकाको कार्यालयको

सुचना

## भकारो सुधार कार्यक्रम व्यवस्थापन तथा संचालन कार्यविधि २०७९

**प्रास्तावना :-** नेपाल भौगलिक रुपमा विकट पहाडी मुलुक भएको र कृषि प्रधान मुलुक भएको परिपेक्षमा (जहाँ ६५:६% जनता कृषिमा आश्रित छन ) माटोको उर्वराशक्ति कायम गरि दिगो कृषि विकास गरि खाध्यन मा आत्मनिर्भर गर्ने कार्य चुनौतिपुर्ण रहेको छ। यस चुनौतिको सामना गर्न विरुवा लाई आवश्यक खाध्य तत्व प्रयात्त मात्रामा पुर्ति गर्न प्राङगारिक र रसायनिक श्रोत भएको वर्षेणि कृषकहरु रसायनिक मल समयमा उपल्ध नहुनु त्यसमा पनि पहाडि जिल्लाहरुमा रासायनिक मल ढुवानिमा समस्या पर्नुका साथै मंहगो पर्ने भएकोले मोहन्याल गाउँपालिकाले भकारो सुधार कार्यक्रम मार्फत पशुवस्तुको स्वास्थ्यमा सुधार , गुणस्तरिय प्राङगारिक मल उत्पादन , स्वच्छ दुध उत्पादन , दिगो रुपमा माटोको उर्वराशक्ति कायम राख्न तथा वातावरणिय सरसफाईमा सकारात्मक परिर्वतन ल्याउने उदेश्यले मोहन्याल गाउँपालिकाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ को अधिनमा रही "भकारो सुधार व्यवस्थापन तथा संचालन कार्यविधि २०७९" तयार गरी जारी गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१) **संक्षिप्त नाम प्रारम्भिक : १)** यस कार्यविधिको नाम " भकारो सुधार व्यवस्थापन तथा संचालन कार्यविधि २०७९" रहेको छ।

२) **यो कार्यविधि** मोहन्याल गाउँपालिका बाट स्विकृत भएको मिति बाट प्रारम्भ हुनेछ।

३) **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

*क)* **"कार्यविधि भन्नाले"** गाउपालिकाको " भकारो सुधार कार्यक्रम व्यवस्थापन तथा संचालन कार्यविधि २०७९" लाई सम्झनु पर्दछ।

*ख)* **"गाउपालिका" :** भन्नाले मोहन्याल गाउपालिका लाई सम्झनु पर्दछ।

*ग)* **"वडा" भन्नाले** मोहन्याल गाउपालिका को वडा लाई सम्झनु पर्छ।

*घ)* **" पशु विकास समिति"** भन्नाले मोहन्याल गाउपालिका मा पशुविकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

*ङ)* **"कार्यक्रम भन्नाले"** मोहन्याल गाउपालिका ले भकारो सुधार को लागि विनियोजित कार्यक्रम र शर्शत को कार्यक्रम लाई सम्झनु पर्ने छ।

प्रमाणित

च) "कृषि विकास \ पशु सेवा शाखा" भन्नाले मोहन्याल गाउपालिकाको कृषि विकास \ पशु सेवा शाखा लाई सम्झनु पर्छ ।

छ) "कृषक समुह" मोहन्याल गाउपालिका को कृषि विकाश \पशु सेवा शाखा मा दर्ता नविकरण भएका समुह हरुलाई सम्झनु पर्दछ ।

४) उदेश्य (Objectives)

- गुणस्तरिय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत प्राङगारिक उत्पादन लाई जोड दिने ।
- रासायनिक मल को प्रयोग कम गरि कृषि उत्पादन लागत घटाउने ।
- दिगो कृषि विकास गरि खाद्य सुरक्षामा योगदान पुर्याउने ।
- पशुवस्तुको स्वास्थ्यमा सुधार ल्याउन ।
- गुणस्तरिय प्राङगारिक मल उत्पादन गर्न ।
- स्वच्छ दुध उत्पादन गर्न ।
- दिगो रुपमा माटोको उर्वराशक्ति कायम राख्न ।
- वातावरणिय सरसफाईमा सकारात्मक परिर्वतन ल्याउन ।

## परिच्छेद २

५) कार्यक्रम संचालन तथा व्यवस्थापन प्रकृया : मोहन्याल गाउपालिका को वार्षिक स्विकृत कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ । भकारो सुधार कार्यक्रम मोहन्याल गाउपालिका सबै वडा हरुमा क्रमंश संचालन हुनेछ । कृषकहरुलाई कार्यक्रमकको जानकारिका लागि १५ दिनको सुचना पशु सेवा शाखाले प्रकाशन गर्ने छ । सो सुचना मोहन्याल गाउपालिका को सुचना पाटी ववसाईट तथा सबै वडाहरुमा समेत पठाईनुका साथै स्थानिय विधुतिय संचार माध्यम बाट समेत प्रशारण गरिने छ ।

६) कार्यक्रम संचालन गरिने संख्या निर्धारण : मोहन्याल गाउपालिकाको वार्षिक कार्यक्रममा विनियोजित बजेट रकमको आधारमा प्रति भकारो रु १००००।(अक्षेरुपि दश हजार ) का दरले जम्मा अनुदान रकमलाई भाग गर्दा हुन आउने संख्या नै कार्यक्रम संचालन संख्या निर्धारण गरिने छ ।

७) कार्यक्रम संचालनका लागि कृषक छनौटका आधार र संचालन प्रकृया देहाया बमोजिम हुनेछ :

- कार्यक्रम संचालनका लागि कृषक\कृषक समुह \सहकारिहरुको गाउपालिका स्तरिय पशु\कृषि विकाश समितिले छनौट गर्नेछ ।
- घरधुरि छनौट गर्दा पशु पालन तथा व्यवसायिक कृषि पकेट क्षेत्र लाई लक्षित गरि कार्यक्रम संचालन गरिने छ । कृषकले कम्तिमा २ वटा पशु (भैसि वा गाई ) बाख्रा को हकमा ५० वटा पालेको हुनुपर्ने छ ।
- छनौट भएका घर धुरिको जानकारि समिति ले सुचना पटी मा टाँस गर्ने छ ।

प्रमाणित गरिन्छ

- भकारो सुधार चाहाने कृषकको संख्या लक्ष्य भन्दा बढि भएको खण्डमा दलित,जनजाति,अपाङग न्युन आयस्तर भएका कृषकहरुलाई प्राथामिकता दिई समिति ले छनौट गरे बमोजिमका कृषकहरु लाई प्राथामिकता दिई कार्यक्रम संचालन गरिने छ।

८) **फोकल व्यक्ति ( Focal Person) तोक्नु पर्ने :** भकारो सुधार कार्यक्रम लाई प्रभावकारि बनाउन को लागि मोहन्याल गाउपालिका ले कृषि\पशु बिकाश शाखाले कम्तिमा १ जना कर्मचारि लाई Focal preson को रुपमा तोक्न सक्ने छ।

९) **भकारो सुधार को लागि न्युनतम मापदण्ड पुरा हुनुपर्ने छ :** भकारो सुधार कार्यक्रम संचालन गर्दा प्रति भकारोको लम्वाई ५ मिटर चौडाई २.५ मिटर हुनुपर्ने छ ( बस्ने ठाऊको लागि ) र दाना पानि राख्ने डुडको चौडाई ५० से मि लम्बाई आवश्यता बमोजिम उचाई डुड को सतह देखि ३० से मि ( डुड को गहिराई १० से मि ) बनाउनु पर्ने छ। गहुँत संकलन टेङ्कि गहुँत नचुहिने गरि पक्कि गरिनु पर्ने गहुत संकलन टेङ्किको व्यवस्था हुनुपर्ने र टेङ्किको साईज ( ०.५×०.५×०.७५) घनमिटर को हुनुपर्ने छ। भकारो अर्थात मल खाद फ्याक्ने खाडल लाई घामपानि बाट जोगाउनका व्यवस्थाका गरिनु पर्ने कुराहरु लाइ आधार मानिने छ। र प्राविधिक ले बनाएको लागत स्टमेट र अनुसुचि .....मा उल्लेख भएको नक्सा बमोजिम निर्माण गर्नुपर्ने छ।

१०) **अनुदान दिने रकम व्यवस्था :** कृषक छनौट गाउपालिका स्तरिय पशु विकाश समिति ले गर्ने छ। सो समिति को सिफारिस मा छनौट भएका घरधुरि लाई पशु विकाश प्राविधिक फाँट ले मुल्याङन गरि प्रति भकारोका लागि प्राविधिक ले तयार गरेको लागत स्टमेट कार्य सम्पन प्रतिवेदन संलग्न राखि विल भरपाई पेश भएपछि प्रति भकारो रु १००००। ( अक्षेरुपी दश हजार ) एकमुष्ट अनुदान रकम उपल्ध गराउने छ।

११) **अनुदान दिने रकम प्रवाहको व्यवस्था :** भकारो सुधार कार्य सम्पन भएर संम्बन्धित प्रविधिक ले सो को गुंणस्तर निरिक्षण , अनुगमन गरि सकेपछि संम्वन्धित कृषकलाई मात्र मोहन्याल गाउपालिका ले अनुदान उपलब्ध गराउनु पर्ने छ।

१२) **कार्यक्रमको अनुगमन व्यवस्था :**कार्यक्रमको प्रभावकारि कार्यन्वयन को लागि मोहन्याल गाउपालिका कृषि विकाश\पशु सेवा शाखा ले अनुगमन गर्ने छ।

१३) **बाधा अड्काउ फुकाउने :** यस कार्यविधी कार्यन्वयन मा अस्पस्ट एवंम दुविधा उत्पन्न भएमा सो को सामाधान मोहन्याल गाउपालिका गाउँ कार्यपालिका ले गर्ने छ।

प्रमाणित

## अनुसूचि १

**भकारो सुधार कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिइने आवेदन पत्र।**

श्रीमान कृषि विकाश पशु सेवा शाखा प्रमुख ज्यु

मोहन्याल गाउपालिका कृषि पशु सेवा शाखा।

विषय: भकारो सुधार कार्यक्रममा अनुदान उपलब्ध गराईदिने बारे।

महोदय,

मलाइ उक्त अनुदान सहयोग प्राप्त गरि ........................कार्य गर्ने तिव्र ईच्छा भएकाले निम्न अनुसार कागजात राखि निवेदन गर्दछु। मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित गाउपालिका भित्र रहि काम \ कार्य गर्नेछु। पुनश्च तपशिल अनुसारका कागजात हरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा साथ अनुरोध गर्दछु।

तपशित

१ अनुसुचि १ अनुसारको निवेदन।

२ अनुसुचि २ अनुसार को संक्षिप्त कार्य योजना।

३ नेपालि नागरिकताको प्रमाणित प्रतिलिपि।

४ समुह को हक मा दर्ता प्रमाण पत्रको प्रतिलिपि र निर्णयको प्रतिलिपि।

**निवेदक**

नाम :

ठेगाना:

दस्तखत :

सम्पर्क नं :

प्रमाणित।



## अनुसुची २

भकारो सुधार कार्यक्रमको लागि कृषकले बुझउनु पर्ने फारम ।

भकारो सुधार माग गर्ने कृषक को नाम :

ठेगाना : टोल\गाउ : वडा नं: गाऊपालिका :

जिल्ला :

भकारो सुधार गरिने स्थान : गाउ\टोल : वडा नं:

गाउपालिका : जिल्ला :

कृषक संग भएको पशु सख्या : बाख्रा:- भैसि \रागो: गाई\गोरु:

भकारोको क्षेत्रफल: लम्बाई : चौडाई :

**कृषकको खेति विवरण:**

| क्र.स | जम्मा जग्गाको क्षेत्रफल | खेत क्षेत्रफल | बारि क्षेत्रफल | पाखो क्षेत्रफल | खेति गरिएको जग्गा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**मुख्य बालिहरु :**

कृषक समुह\ सहकारि संस्थामा आवद् भएको भए नाम:

ठेगाना :

भकारो सुधार गर्नुको कारण :

प्रमाणित

अनुसुची ३

## भकारो सुधार कार्यक्रम संचालनको लागि गरिने सम्झौता पत्र

मोहन्याल गाउपालिका पशु सेवा शाखा बाट संचालित गरिने चालु आ.ब. ................को स्वीकृत (भकारो सुधार कार्यक्रम ) संचालन गर्न मोहन्याल गाउपालिका पशु सेवा शाखा ( यस भन्दा पछाडि पहिलो पक्ष भनिने) विशिष्टताको आधारमा मोहन्याल गाउपालिका पशु विकाश समिति को बैठकबाट छनौट भएका कृषक \ कृषक समुहका अध्यक्ष श्री\श्रीमति ...............................(यस भन्दा पछाडि दोस्रो पक्ष भनिने ) विच तपशिल शर्तनामा हरु गरि गराई सम्पन्न गर्न सम्झौता\सहमति भएको छ।

१) पहिलो पक्षले दोस्रो पक्ष लाई भकारो सुधारका लागि कार्ययोजना अनुसार सम्बन्धित कृषक\कृषक समुहको खतामा कार्य सम्पन्न प्रतिवेदनका आधारमा अनुदान स्वरुप तेस्रो पक्षको रोहवरमा उपलब्ध गराउने छ।

२) दोस्रो पक्षले पहिलो पक्ष बाट आवश्यक प्राविधिक सहयोग प्राप्त गरि कृषि\पशु बिकास समितिले निर्णय गरेअनुसारको व्यतिगत तथा समुहमा समुहको निर्णय अनुसार निम्न संख्यामा .........वटा भकारो सुधार गर्नेछ ।

३) पहिलो पक्षले भकारो सुधार साथै गाई\भैसिको पिसाब संकलन गरे नगरेको अनुगमन गर्नेछ र भकारो सुधारलाई माटोको ऊर्वराशक्ति विकासका लागि उपयोग गर्नुपर्ने छ।

४) यस सम्झौता उल्लेखित गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप भवितव्यको पुर्ण जिम्मेवारि दोस्रो पक्ष स्वयम आफै हुनेछ।

५) यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ।

६) सम्झौता गरेको मिति देखि काम सुरु गर्न सकिने र ......................सम्ममा कार्य सम्पन्न गरिसक्नु पर्ने छ।

७) प्रति भकारोको लागि कार्यविधिमा पास भए बमोजिम एकमुष्ट अनुदान कार्य सम्पन्न भएको विल भरपाई निवेदन सम्बन्धित भकारोको पशु संख्या सहित पशु धनिको फोटो र संलग्न अन्य कागजात पेश भएपछि मात्र भुक्तानि दिईने छ।

८) भकारोको साईज र गुणस्तर कार्यविधिमा उल्लेख भए बमोजिम हुनपर्ने छ्।

९) प्राविधिक स्टमेट र कार्य सम्पन्न प्रतिवेदन प्राविधिक फाँट बाट अनिवार्य गराउनु पर्नेछ।

| | |
|---|---|
| **पहिलो पक्ष** | **दोस्रो पक्ष** |
| **मोहन्याल गाउँपालिकाको तर्फबाट** | **कृषक\समुहको तर्फबाट** |
| नाम : | नाम: |
| पद: | पद: |
| दस्तखत: | दस्तखत: |
| मिति : | मिति : |
| कार्यालयको छाप: | समुहको छाप: |
| सम्पर्क नं : | सम्पर्क नं |

प्रमाणित ।